**कोरोना भाइरस सम्बन्धमा बागमती प्रदेशको अवस्था**
**मकवानपुर । ०७७ जेठ ६ गते**

नेपालमा हालसम्म ४ सय दुई जनामा कोरोना भाइरस भाइरस (कोभिड १९) को सङ्क्रमण पुष्टि भएको छ । जेठ ६ गते थप २७ जना व्यक्तिमा कोरोना सङ्क्रमण देखिएको छ । यस प्रदेशमा हालसम्म सङ्क्रमितको सङ्ख्या २६ पुगेको छ । जसमध्ये ६ जना उपचारपछि निको भएर घर फर्केका छन् । उपचाररत २० जानको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

सङ्क्रमितहरू मध्ये यस प्रदेशको ६ ओटा जिल्लाबाट आठ जना नयाँ पुष्टि भएका हुन् । प्रदेशको काठमाडौँ जिल्लामा तीन, भक्तपुर, ललितपुर, मकवानपुर, रामेछाप र सिन्धुली जिल्लाका एक/एक जना रहेको र उनीहरू सबैको स्वास्थ्य अवस्था सामान्य रहेको बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

कोरोनाको आशङ्कामा यस प्रदेशमा हालसम्म १३ हजार १ सय ९७ जनामा आरडीटी विधिबाट कोरोना परीक्षण गरिएको छ । जसमध्ये १ सय १३ जनामा एण्टिबडी पोजेटिभ देखिएको छ ।

यस्तै हालसम्म ४ हजार ७ सय ८८ जनाको पीसीआर विधिबाट परीक्षण गरिएको छ । क्वारेण्टाइनको सङ्ख्या ४ हजार ४ सय ६१ रहेकोमा २ सय ८३ जना बसेका छन् । कोरोना भाइरस (कोभिड १९) को उच्च जोखिममा रहेका ६९ जना आइसोलेशनमा बसेका छन् । ९ सय ९० शैयाको आइसोलेशन तयारी अवस्थामा राखिएको छ ।

यसैगरी १ हजार १ सय ५८ जना होम क्वारेण्टाइनमा बसेको प्रदेश स्तरीय कोभिड १९ नियन्त्रण समितिका प्रवक्ता डा. पुरुषोत्तम सेढाईले बताउनु भयो ।

यस प्रदेशको १३ ओटै जिल्लाबाट कोरोना भाइसरको सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले पठाउनु भएको सूचनाको आधारमा यो प्रतिवेदन तयार पारिएको छ ।

**इन्सेक काठमाडौँ जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार जेठ ६ गते थप २७ जना व्यक्तिमा कोरोना सङ्क्रमण देखिएको छ । सङ्क्रमितहरू मध्ये झापाको नौ, कपिलबस्तुको चार, सर्लाहीको दुई, काठमाडौँको तीन, मोरङ्ग, सुनसरी, भक्तपुर, ललितपुर, मकवानपुर, रामेछाप, सिन्धुली, लम्जुङ्ग र नवलपरासीको एक/एक जना रहेका छन् ।

यो सँगै ३६ जिल्लाका ४ सय २ जनामा कोरोना भाइरस (कोभिड १९) पोजेटिभ देखिएकोमा ३७ जना उपचारपछि घर फर्किसकेका छन् । जसमध्ये पुरुष ३ सय ४० जना र महिला ६२ जना रहेका छन् ।

यसरी काठमाडौँको बिभिन्न स्थानहरुमा इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखाको अगुवाईमा कालिमाटी क्षेत्रमा आरडीटी विधिबाट ७ सय नमूना परीक्षण गरिएकोमा तीन ओटा नमूना आरडीटी विधिको पोजेटिभ र ३ सय ३४ ओटा पीसिआर विधिबाट परीक्षण गरिएकोमा भने सबै नेगेटिभ रहेका छन् ।

त्यसैगरी सरसफाईसँग सम्बन्धित क्षेत्रहरूमा गरिएको आरडीटी विधिबाट ६ सय ६४ परीक्षण गरिएको थियो त्यसमध्य ३१ ओटा आरडीटी विधिका पोजेटिभ आएका थिए भने २ सय ६७ ओटा पीसिआर नमूनाहरू परीक्षण गरिएको थियो जसको सबै रिपोर्ट नेगेटिभ आएका छन् ।

काठमाडौँको गोगंबु क्षेत्रमा ४ सय २० जनामा आरडीटी विधिबाट परीक्षण गरिएको थियो । जसमा १५ ओटा पोजेटिभ आएका थिए भने पीसिआर विधिबाट १ सय ७२ ओटा गरिएको थियो जसको रिपोट आउन बाँकी रहेको डा. देवकोटाले जानकारी दिनुभयो ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना सङ्क्रमणबाट कसैको ज्यान गुमाउनु नपरोस् भन्ने सरकारको प्रयास विभिन्न कारणले असफल भएको बताउनु भएको छ ।

सङ्घीय संसदका दुबै सदनको संयुक्त बैठकलाई जेठ ६ गते सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कोरोनाबाट बच्न सिङ्गो राष्ट्र एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

यस्तै भृकुटी मण्डप क्षेत्रमा ४ सय ५२ ओटा आरडीटी विधिबाट गरिएका परीक्षण मध्य २५ ओटा पोजेटिभ र २ सय ४६ ओटा पीसिआर विधिबाट गरिएका परीक्षणको पनि रिपोर्ट आउन बाकीँ रहेका छन् ।

यसरी उपत्यका भित्रगत केहि दिनमा २ हजार २ सय २५ ओटा आरडीटी विधिबाट र १ हजार १९ ओटा पीसिआर विधिबाट विभिन्न क्षेत्र तथा केन्द्रमा नमूना सङ्कलन तथा परीक्षण गरिएको थियो ।

परीक्षणको दायरा बढाउनका लागि जेठ ६ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुल्क तिरेर स्वेच्छिक रुपमा कोरोना भाइरस (कोभिड-१९) को परीक्षण गर्न दिने निर्णय गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाकाअनुसार कोरोना भाइरस (कोभिड १९) को लक्षण नभएका स्वदेशी तथा विदेशी नागरिकले आरडीटी र पीसीआर परीक्षण गर्न पाउनेछन् ।

यसका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट तोकिएको मापदण्ड पालना गर्नुका साथै सूचनाको गोपनीयता र नियमित रिपोर्टिङ गर्ने गरि सार्वजनिक स्वास्थ्य संस्थामा सशुल्क परीक्षण गर्न दिने निर्णय भएको छ ।

कोरोना सङ्क्रमणबाट मृत्यु भएकी बाह्रबिसे नगरकी सुत्केरी महिलाका ५४ जना छिमेकीको स्वाबको पीसीआर परीक्षण नेगेटिभ आएको छ । बाह्रबिसे नगरपालिका वडा-९ राम्चे र बाह्रबिसे प्राथामिक स्वास्थ्य केन्द्रमा सङ्कलन गरिएको 'थ्रोट स्वाब' परीक्षणको लागि काठमाडौँस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको थियो ।

बागमती सरकारकाका विज्ञ सङ्लग्न र्‍यापीड रेस्पोन्स सहित जिल्ला स्वास्थ्यकर्मीको टिमले बाह्रबिसे नगरपालिका-९ स्थित चालिसे गाउँकी २९ वर्षीया मृतक सङ्क्रमितको कन्ट्याक्ट ट्रेसिङ र सम्पर्कमा रहेका ५६ जना स्थानीयको नमूना सङ्कलन गरेर जेठ ५ गते पठाएको थियो भने बाँकी एकसय ३५ को जेठ ६ गते बिहान काठमाडौं पुर्‍याइएको थियो । यसअघि सङ्क्रमितको परिवारका पाँचै जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको थियो ।

काठमाडौँ महानगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणका लागि लकडाउन अवधिभर उपत्यका प्रवेश गर्ने सबै नाका सिल गर्न नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयसँग आग्रह गरेको छ ।

जेठ ६ गते महानगरपालिकाको ४६ औं विशेष नगर कार्यपालिका बैठकले यस्तो आग्रह गरेको महानगरपालिकाका प्रवक्ता समेत रहेका वडा नं. १५ का अध्यक्ष ईश्वरमान डंगोलले बताउनुभयो ।

'कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि सरकारले घोषणा गरेको लकडाउनको अवधिमा उपत्यका प्रवेश गर्ने प्रवेश बिन्दुबाट अत्यावश्यक सेवा प्रवाहमा सङ्लग्न सवारी साधन तथा पासको दुरूपयोग गरी मानिस उपत्यका प्रवेश गर्ने क्रम अहिले पनि नरोकिएको गुनासो बढ्दै गएको छ ।

नेपाली सेनाले चीनबाट खरिद गरेको १८ दशमलब ८४ टन सामान जेठ ६ गते बिहान काठमाडौँ आइपुगेको छ । जसमा पिपिई, एन-९५ मास्कलगायतका सामान रहेको छ ।

नेपाली सेनाले कोरोना भाइरस महामारीसँग जुध्न आवश्यक सामान खरिदका लागि चीनसँग १ करोड ८४ लाख ४१ हजार ७ सय ६ अमेरिकी डलरको सम्झौता गरेको थियो । यसबाट करिब ३ सय ४१ टन चिकित्सकीय सामान नेपाल ल्याइनेछ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबावु धिताल**का अनुसार कोरोना भाइरस (कोभिड १९) सङ्क्रमणको सुरक्षाका लागि घोषण गरिएको बन्दाबन्दीको समयमा जिल्ला बाहिरबाट सामग्री ल्याउन नपाउने भएपछि किसानहरूले उन्नत जातका धानको बिउ पाउन सकेका छैनन् ।

खेतमा धानको बिउ राख्ने समय भए पनि बिउ नपाउँदा समस्या भएको किसानहरूले गुनासो गर्न थालेका हुन् । यस समयमा बनेपाबाट विभिन्न जातका धानका बिउहरू ल्याएर विक्री गर्दै आएका चौतारा बजारका बिक्रेता बैकुठ धितालका अनुसार लकडाउनको समयमा जिल्ला बाहिरबाट समयमै धान लगायतका बिउविजन ल्याउन नपाएपछि पाइएको छैन ।

सधै उन्नत जातका धानको बिउ बजारबाट किनेर लगाउने गरिएकोमा यस वर्ष लकडाउनका कारणले बजारमा बिउ नपाउँदा समस्यामा परेको इन्द्रावती गाउँपालिका-९ का किसान गुरूप्रसाद लम्सालले बताउनु भयो ।
बजारमा धानको बिउ नपाएर किसान मार्कामा परेको अवस्था बारे चौतारा सागाँचोकगढी नगरपालिका प्रमुख अमानसिं तामाङसँग सम्पर्क गर्दा नगरलपालिकाले बजेट अभावका कारणले धानको बिउ सबै किसानहरूलाई वितरण गर्न नसकेको बताउनु भयो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार कोरोना भाइरस (कोभिड १९) सङ्क्रमित बिरामीको थाक्रे गाउँपालिका-७ को घर क्षेत्र जेठ ६ गतेदेखि ११ गतेसम्म सिल गरिएको प्रमुख जिल्ला अधिकारी असमान तामाङले बताउनु भयो ।
पूर्वमा धार्केखोला पुल, पश्चिममा आठकिला मोड, उत्तरमा महेश खोला र दक्षिणमा उडुवादेवी आधारभुत विद्यालयबीचको क्षेत्रलाई सिल गर्ने निर्णय गरेको हो ।
प्रमुख जिल्ला अधिकारी तामाङको अध्यक्षतामा थाक्रे गाउँपालिकामा जेठ ६ गते बसेको जिल्ला सुरक्षा समिति र स्थानीय जनप्रतिनिधिको बैठकले गाउँबाट कोही मानिस बाहिर जान नपाइने र भित्र प्रवेशमा समेत रोक लगाइने गरि सिल गरिएको छ ।
कोरोना सङ्क्रमित काठमाडौँको बागबजारमा व्यवसाय गरेर बस्ने गरेका थिए । उनी गत चैत्र ११ गते थाक्रे स्थित गाउँ आएर २८ गते काठमाडौँ नै फर्किएका थिए ।
गाउँको स्थानीय व्यक्तिलाइ कोरोनाको सङ्क्रमण देखिएपछि अहिले थाक्रे गाउँपालिका-८ को जुँगेखोला क्षेत्रलाई जिल्ला सुरक्षा समितिले सिल गरेको हो ।
सङ्क्रमित व्यक्ति लामो समयसम्म गाउँमा बसेर काठमाडौँ गएकाले उनको सम्पर्कमा रहेका व्यक्तिहरूलाई खोजतलास गर्नको लागि वडाअध्यक्ष, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरूको टिम बनाइएको छ । कट्र्याक ट्रेसिङ गरिएपछि सबैको कोरोना परीक्षण गरिने याजना रहेको छ ।
जेठ ५ गते धादिङबेसीमा १ सय १४ जना, गजुरीमा ७५ जना, गल्छीमा ३५ जना ज्वालामुखीमा ६ जनाको कोरोनाको आरडीटी परीक्षण गरिएकोमा धादिङवेशींमा तीन र गजुरीमा तीन गरि ६ जनामा एण्टीबडी पोजेटिभ देखिएको थियो । उनीहरूको स्वाब सङ्कलन गरी परीक्षणका लागि काठमाडौँ पठाइएको छ । स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई केन्द्रीत गरी आरडीटी परीक्षण गरिएको हो ।
दोस्रो पटक आएको आरडीटी किट धादिङका १३ स्थानीय तहमा बाडिएको छ । निलकण्ठ नगरपालिका र सिद्धलेक गाउँपालिकाले कालुपाण्डे मार्गको मलेखुमा हेल्थ डेक्स राखिएको छ । आफ्नो क्षेत्रमा प्रवेश गर्नेहरूलाई जाँच गरेर मात्र प्रवेश दिन यो व्यवस्था गरिएको हो ।
निलकण्ठ नगरपालिका घर भएर भारतमा काम गरी बसेका ३२ जनालाई उद्धार गरि धादिङबेसी ल्याएर क्वारेण्टाइनमा राखिएको छ ।
भारतका विभिन्न ठाउँमा रोजगारी गरी घर फर्कने क्रममा भैरहवाको क्वारेण्टाइनमा बसेर धादिङबेसी आईपुगेका छन् । भैरहवा आसपासका तीन ओटा क्वारेण्टाइनमा २१ दिन बसेका उनीहरूलाई प्रदेश सांसद डा. रामकुमार अधिकारीको पहलमा धादिङ ल्याइएको हो । उनिहरू सबैको आरडीटी रिपोर्ट नेगेटिभ रहेको छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार जिल्लाको सिंगटीमा खाद्यन सङ्कटको सम्भावना देखिएको छ ।
बाहिरी जिल्लाबाट खाद्यन ढुवानी बन्द भएपछि दोलखाका उत्तरी व्यापरिक केन्द्र सिंगटीमा खाद्यान्न अभाव हुन थालेको हो ।

सिन्धुलीलगायत तराईका जिल्लाबाट खाद्य सामग्री आयत हुने दोलखामा कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमण बढेपछि उक्त क्षेत्रबाट खाद्य साम्रगी आयात बन्द भएसँगै सिंगटी बजारमा खाद्यन्न अभाव सुरु भएको हो ।

जिल्लाको उत्तरी क्षेत्रका लागि व्यापरिक केन्द्र मानिएको सिंगटीमा एक हप्तादेखी खाद्यन्न ढुवानी नभएको दोलखा उद्योग वाणिज्य सङ्घ, सिंगटी शाखाका अध्यक्ष महेश श्रेष्ठले बताउनु भयो ।

अब सिंगटी बजारमा एक हप्ता जतिका लागि पुग्ने खाद्य सामग्री मात्र मैज्दात रहेको उहाँले बताउनु भयो ।

तीन ओटा गाउँपालिका र २३ ओटा वडाको व्यापारिक केन्द्र सिंगटी बजारमा अहिले चालम, नुन, खाने तेललगायतका खाद्य सामग्रीहरूको अभाव देखिएको हो ।

लकडाउनका कारण काठमाडौँलगायत अन्यत्रबाट मानिसहरू जिल्ला भित्रिएसँगै बजारम खाद्य सामग्रीको अभाव देखिन थालेको स्थानीयहरूको भनाई छ ।

कोरोना भाइरसको सङ्क्रमण फैलिरहेको भन्दै दोलखाको मेलुङ गाउँपालिकाले लकडाउन कडा पार्ने भएको छ ।

गाउँपालिकाको मेलुङ बजार बिहान ६ बजेदेखी ८ बजेसम्म र बेलुकी ५ बजेदेखी ७ बजेसम्म खोल्ने निर्णय गरिएको छ ।

त्यसैगरी मेलुङ गाउँपालिका-६ भित्र रहेका सामान्य किराना पसलहरू तिनपिप्ले, डबली, सल्लेडाँडा, मानेडाँडा, मेहेलेआहाल ठाउँहरूमा भिडभाड नगर्न, जेठ महिनाको ७ गते लाग्ने बुधबारे हाट नलगाउने निर्णय गरेको छ ।

त्यसैगरी मेलुङ गाउँपालिका वडा नं. ६ को नजिकको सिमाना रामेछाप भएकाले वरिपरिका आफन्तजनहरू आवतजावत नगर्न नगराउन अनुरोध गरिएको छ ।

नेपाली सेनाका मध्यपूर्वी पृतनापतिमा कोरोना सङ्क्रमण पुष्टि भएपछि उहाँले एकरात बिताएको माथिल्लो तामाकोशी आयोजनाका प्रमुखदेखि भान्सेसहित नौ जनामा गरिएको आरडीटी परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।

सदरमुकाम चरिकोटस्थित तारादल गणको निमन्त्रणामा दोलखा आएका पृतनापतिले तामाकोशी आयोजनाको केन्द्रीय कार्यालय गोंगरखोलामा रात बिताउनु भएको थियो ।

सो रात पृतनापतिको सम्पर्कमा पुगेका आयोजना प्रमुखदेखि भान्सेसहित नौ जनाको प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा आरडीटी परीक्षण गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका प्रवक्ता एवम् स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले बताउनु भयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार कालिका गाउँपालिकाले सुगर र प्रेसरका दीर्घरोगी जेष्ठ नागरिकलाई निःशुल्क औषधि वितरण सुरू गरेको छ ।

गाउँपालिकाको स्वास्थ्य शाखाबाट औषधि वितरण गर्न थालेको हो । लकडाउनको समयमा औषधि खरिदमा समस्या हुने र औषधि नपाउने समस्यालाई मध्येनजर गर्दै गाउँपालिकाले सुगर र प्रेसरका दीर्घरोगी जेष्ठ नागरिकलाई औषधि वितरण गरिएको छ ।

गाउँपालिकाले सुगर र प्रेसरका दीर्घरोगी वृद्धवृद्धा जेष्ठ नागरिकलाई निःशुल्क औषधि ल्याइदिँदा खुशी भएका छन् ।

लकडाउनको समयमा औषधि ल्याउन नसकेको अवस्थामा गाउँपालिकाले बृद्धवृद्धा जेष्ठ नागरिक बाहेक अन्य मुटु रोगी, किड्नीको समस्या, दम, उच्च रक्तचाप, मधुमेह जस्ता दीर्घरोगी भएका गोसाँइकुण्ड गाउँपालिकाले निःशुल्क औषधि उपलब्ध गराएको छ ।

धुन्चेमा पाँच जना क्वारेण्टाइमा रहका मध्ये तीन जना १४ दिन पुरा गरी जेठ ६ गते घर गए भने त्यहाँ २ जना छन् ।

एकसात क्वारेण्टाईन बसेर सेल्फ होम क्वारेण्टाइमा बसेका जिल्लाभरका ४ सय ४४ जनाको जेठ ७ गतेदेखि र्‍यापीड टेष्ट गर्ने तयारी गरिएको स्वास्थ्य कार्यालय प्रमुख किरण श्रेष्ठले बताउनुभयो ।
हालसम्म तीन जनाको पीसीआर परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । भारत र तेस्रो मुलुलबाट आएकाहरूको आरडीटी टेष्ट भएको सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । जिल्लाभर १ सय १७ जनाको आरडीटी टेष्ट भएको भएको थियो ।
असङ्गठित मजदुर तथा असहायका लागि दोसो चरणको राहत वितरणका लागि ढिलाई भएको नागरिकहरूको गुनासो आएको छ ।
उत्तगया गाउँपालिकाले पहिलो चरणमा १ हजार परिवारलाई राहत वितरण गरेको थियो । जसको लागि ८ लाख रुपियाँ खर्च गरेको थियो । दोस्रो चरणको राहत चाँढै वितरणको तयारी गरेको छ ।
आमाछोदिङमो गाउँपालिकाले गाउँपालिका भरी पहिलो चरणको ५ सय ८० परिवारलाई राहत वितरण गरेको छ । अहिले दोस्रो चरणमा दुई हजार २ सय परिवारलाई राहत वितरण गर्न सामग्री खरिद गरेको छ । यसका लागि ३५ लाख रुपियाँ भन्दा बढि रकम खर्च गरेको गाउँपालिका अध्यक्ष बुचुङ तामाङले बताउनुभयो ।
त्यसै गरी गोसाँइकुण्ड गाउँपालिकाले क्वारेण्टाइन व्यवस्थापन तथा राहतमासमेत गरि कूल ३० लाख रुपियाँ खर्च गरेको छ ।
उत्तगया गाउँपालिकाले पहिलो चरणमा १ हजार परिवारलाई राहत वितरण गरेको थियो । जसको लागि ८ लाख रुपियाँ खर्च गरेको थियो । दोस्रो चरको राहत वितरणको तयारी गरेको छ ।
अत्यावश्यक सामान ढुवानीका लागि  सिफारिसका आधारमा जिल्लाभित्र एक स्थानबाट अर्को स्थानमा सवारी आवागमन गर्न पाउन भएका छन् ।
नुवाकोट सिमानामा रहेको बेत्रावती हेल्थ डेक्सलाई स्रोत साधन र प्रजिधिमैत्री बनाउने र बेत्रावती र सरमथली हेल्थडेक्समा सुरक्षा व्यवस्था कडाइ गरिएको छ । जिल्ला बाहिरबाट आवतजावत ठप्प गरिएको छ । जिल्लामा बजार अनुगमन गर्नुपर्ने गुनासो आएको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार जिल्लामा दुईजनामा कोरोना भाइरस सङ्क्रमणको पीसीआर रिपोर्ट नेगेटिभ आएपछि कोभिड-१९ सङ्क्रमणको परीक्षण गर्नेको सङ्ख्या ह्वात्तै बढेको छ ।
भक्तपुर अस्पतालमा पीसीआर र आरडीटीबाट कोरोना परीक्षण हुँदै आएकोमा केही दिनदेखि कोरोना परीक्षण गर्नेको सङ्ख्या ह्वात्तै बढेको अस्पतालकी मेडिकल सुपरिटेण्डेन्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो ।
अस्पतालमा ६ गते एकैदिन २८ पुरुष र १७ महिला गरी ४५ जनाको पीसीआर र २८ पुरुष र १५ महिला गरी ४३ जनाको आरडीटी विधिबाट कोरोना परीक्षण गरिएको उहाँले जानकारी दिनुभयो ।
परीक्षण गरिएका मध्ये ६४ पुरुष र २६ महिला गरी ९० जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।
भक्तपुर अस्पतालमा अहिलेसम्म पीसीआरबाट ४ सय ४३ र आरडीटीबाट ६ सय ६३ गरी १ हजार १ सय ६ जनाको कोरोना परीक्षण गरिएको उहाँले बताउनु भयो ।
त्यसैगरी कोरोना भाइरस सङ्क्रमणको समयमा पनि अग्रभागमा अभिएर काम गर्नु पर्ने भक्तपुरका पत्रकारका लागि सुरक्षा सामग्री प्रदान गरिएको छ ।
नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखालाई ६ गते सर्जिकल सप्लायर्स एशोसिएसनले शरीरको तापक्रम मापन गर्ने एक थान थर्मल गन, एक हजार थान मास्क, ४ सय थान पन्जा र ५० थान स्यानिटाइजर प्रदान गरेको हो ।
नेपाल रेडक्रस सोसाइटी भक्तपुर जिल्ला शाखाद्वारा उत्थानशील नगर प्रवर्द्धन तथा सहभागिता कार्यक्रम अर्न्तगत भक्तपुर नगरपालिकाका विद्यालय तथा सार्वजनिक स्थलमा कोरोना भाइरसको जोखिम न्यूनीकरण गर्ने उद्देश्यले किटनाशक औषधि छर्केर सङ्क्रमण गर्ने कार्य सुरु गरेको छ ।

त्यसैगरी मध्यपुर थिमि नगरपालिकाका स्थानीय अष्टकुमार कबेको नेतृत्वमा अभावमा परेका व्यक्तिको घरघर राहत सामग्री वितरण गरिएको छ ।
अभावमा रहेका स्थानीयको घरदैलोमा राहत पुऱ्याउँदा भिडभाड नहुने र लकडाउनको पालना हुने भएका घरघरमा पुऱ्याएको कबेले जानकारी दिनुभयो । उहाँले हालसम्म १५ लाख रुपियाँ बराबरको राहत वितरण गरिएको जानकारी दिनुभयो ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार जिल्लाका सीमा नाकामा रहेर दैनिक सर्वसाधारणसँग सम्पर्कमा रही काम गर्दै आएका २५ जना प्रहरीको पीसीआर परीक्षण गरिएको छ ।
जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख नान्तीराज गुरुङले जोखिम क्षेत्रमा रहेर कार्यरत २५ जनाको ५ गते परीक्षण गरिएको जानकारी दिए । अन्य प्रहरीको पनि क्रमश परीक्षण गरिने उहाँले बताउनु भयो ।
लकडाउनको समयमा चितवन प्रहरीले चेकजाँचलाई कडाइ गरेको छ । त्यस्तै भीडभाड हुने गरी काममा सङ्लग्न नहुन र सतर्क हुन पनि प्रहरीलाई निर्देशन दिइएको छ ।
भरतपुर महानगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, योजना र बजेटका सम्बन्धमा वडा भेला नगर्न निर्देशन दिएको छ ।
वैशाख २३ गतेको निर्णय अनुसार सबै वडा कार्यालयलाई नीति कार्यक्रम तथा आगामी आर्थिक वर्ष २०७७/०७८ को वजेट सम्बन्धमा निर्देशनात्मक आदेश दिँदै कोरोनाका कारण जोखिम हुने भन्दै भेला नगर्न निर्देशन दिइएको हो ।
चितवन जिल्लामा घर भइ भारत तथा अन्य देशमा बस्दै आएकाहरूको तथ्याङ्क सङ्कलन थालिएको छ । वडास्तरमा तथ्याङ्क सङ्कलनको काम भइरहेको छ ।
केन्द्रबाट गृहमन्त्रालयले जिल्लामा प्रहरी कार्यालयलाई तथ्याङ्क लिन भनेपछि अहिले जिल्लाका स्थानीय तहहरू तथ्याङ्क लिन व्यस्त छन् ।
विदेशबाट नेपाली फिर्ता ल्याउन सरकारले पहल थालेपछि टोलटोलबाट तथ्याङ्क सङ्कलन थालिएको प्रमुख जिल्ला अधिकारी नारायण भट्टराइले बताउनुभयो ।
चितवनमा जिल्लाका सबै वडाहरूमा क्वारेण्टाइन निर्माण भएका छैनन् । भारतसहित विभिन्न देशमा ठूलो सङ्ख्यामा जिल्लावासी रहेको भन्दै सबै वडामा कम्तीमा एउटा क्वारेण्टाइन निर्माण गर्ने भनिए पनि काम हुन सकेको छैन ।
स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको जिल्ला समन्वय समितिमा भएको समन्वय बैठकमा दिइएको जानकारी अनुसार माडी नगरपालिकाबाहेक कुनै पनि स्थानीय तहले आवश्यक सङ्ख्यामा क्वारेण्टाइन बनाएका छैनन् ।
त्यस्तै राप्ती, कालिका, खैरहनी नगरपालिका र इच्छाकामना गाउँपालिकामा पनि सबै वडामा क्वारेण्टाइन छैनन् ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार मकवानपुरको मनहरी गाउँपालिकाले आफ्ना किसानलाई धानको बिउ अनुदान दिने भएको छ ।
केही किसानलाई धानको मुल बिउ निःशुल्क उपलब्ध गराउने भएको छ भने केही किसानलाई ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउन लागेको हो ।
किसानलाई अनुदानको रुपमा वितरण गर्नका लागि १५ टन धानको बिउ खरिद गरिएको र अब वितरणको तयारी भएको मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिनुभयो ।
असारमा धान रोप्नका लागि किसानले बिउ राख्ने समय भएको छ । यही बेलामा धानको बिउ वितरण गर्न लागिएको गाउँपालिकाले जनाएको छ । अनुदानको बिउ ३ सय जना किसानलाई वितरणको तयारी छ ।

मनहरी गाउँपालिकाको मनहरी बजार अब दैनिक तीन घन्टा खुल्ने भएको छ। यस अघि खाद्यान्न र तरकारी पसल हप्तामा दुई दिनमात्रै खुल्ला गरिने निणर्यलाई परिमार्जित गर्दै गाउँपालिकाले बजार दैनिक तीन घण्टा खुल्ला गर्ने निर्णय गरेको छ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार जिल्लामा कोरोना आशङ्कामा स्वाब परीक्षणका लागि पठाइएका १४ जनाकै रिपोर्ट नेगेटिभ आएको छ।
स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइएका १४ जनामध्ये आठ जनाको जेठ ५ गते राति र बाँकि ६ जनाको जेठ ५ गते रिपोर्ट आएकोमा सबैको रिपोर्ट नेगेटिभ रहेको स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्रकुमार कर्णले जानकारी दिनुभयो।
कोरोनासँग मिल्दोजुल्दो लक्षण भएका एक जना र उच्च जोखिममा रहेर काम गरिरहेका १३ जना गरी १४ जनाको स्वाब सङ्कलन गरी कोरोना भाइरस परीक्षणका लागि पठाइएको थियो।
यसै बीच रामेछापका स्थानीय सरकारहरूले कारोना भाइरस (कोभिड १९) को महामारीको बीचमा नै गाउँपालिकाको नीति तथा कार्यक्रमको काम अघि बढाएका छन्। बस्ति सुधार समिति मार्फत योजना तथा सङ्कलनको काम गरेका छन्। सामाजिक दुरी कायम गरेर बस्तिस्तका योजना ल्याएको खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर तामाङले जानकारी दिनुभयो।
यसैगरि उमाकुण्ड गाउँपालिकाले पनि नागरिकहरूका राय लिन सुरु गरेको अध्यक्ष शेरबहादुर सुनुवारले जानकारी दिनुभयो। बस्ती स्तरबाट योजना सङ्कलन गर्नुका साथै गाउँपालिको फेसबुक पेजमा समेत सुझाव दिन सकिने व्यवस्था मिलाएको उहाँले बताउनुभयो।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का ललितपुर महानगरपालिकाले जेठ ६ गते हरिसिद्धिमा २७ जनाको कोभिड १९ को आरडीटी विधिबाट परीक्षण गरिएकोमा एक जनाको एण्टीबडी पोजेटिभ रिपोर्ट आएको छ। उनलाई पाटन अस्पतालमा राखिएको जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा.खगेश्वर गेलालले जानकारी दिनुभयो।
कोरोना भाइरस (कोभिड-१९) को सङ्कामा पाटन अस्पतालमा जेठ ६ गते १६ जनाको आइसोलेसन वार्डमा उपचार  भइरहेको अस्पतालले जनाएको छ।
कोभिड-१९ को पुष्टि भएका पाँच जनालाई आइसियुमा राखेर उपचार भइरहेको छ भने ६ जना निको भएर डिस्चार्ज भएको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो। उनीहरू सबैको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ।
अनुसार ललितपुर जिल्लाको महाँकाल गाउँपालिकामा कोरोना भाइरस (कोभिड १९) को जोखिम बढेकाले लकडाउन पालनालाई स्वयम्सेवक परिचालन गरिएपछि कृषकहरू मारमा परेका छन्।
दुध र तरकारी बिक्री गर्न नपाएपछि किसानले उत्पादन गरेको दुध खेरफाल्नु परेको दुग्ध उत्पादक कृषक माधव दुलाले बताउनु भयो।
यसअघि जेठ १० गतेसम्मका लागि बिक्री वितरण बन्द गर्ने आदेश दिएको गाउँपालिकाका अध्यक्ष रामचन्द्र दाहालले जानकारी दिनुभयो।
तर, ललितपुर महानगरपालिका-४ ले जेठ ६ गते सार्वजनिक सूचना जारी गरी खाद्यान्न, दुधजन्य, मासुजन्य तथा तरकारी तथा फलफूल व्यवसायहरू बिहान ५ देखि ११ बजेसम्म मात्र बेच्न पाउने जनाएको छ।
व्यवसायीले पञ्जा र माक्स अनिवार्य लगाउनु पर्ने, सामाजिक दुरी १ मिटर कायम गर्नु पर्ने जनाएको छ।
ग्राहकको माग अनुसार सामान प्याक गरिदिनु पर्ने र सामान खरिद गर्न एक जना मात्र आउनु पर्ने उल्लेख छ।

त्यसै गरि ग्राहकले माक्स लगाएको हुनु पर्ने र मूल्य सूची अनिवार्य राख्नु पर्ने वडा अध्यक्ष नारायण केसीले बताउनु भयो ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्लामा कोरोना सङ्क्रमणको जोखिम बढ्दै गएपछि आरडीटी परीक्षण गराउने कार्यलाई तिब्रता दिइएको छ ।
त्रिशूली जिल्ला अस्पतालमा अस्पतालका कर्मचारी र विदुर नगरपालिकाका कर्मचारी गरी १ सय ६३ जनाको र्‍यापिड टेष्ट गरिएकोमा ८ जनाको आरडीटी पोजेटिभ देखाएको अस्पतालले जनाएको छ ।
८ जना कर्मचारी र १ जना आइसोलेशनमा रहेका बिरामी र अन्य ६ जना कर्मचारीको स्वाब सङ्कलन गरी १५ जनाको स्वाब पिसीआर परीक्षणको लागि काठमाडौँ पठाइएको अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा. रेमकुमार राईले जानकारी दिनुभयो ।
यस्तै, जिल्ला प्रहरी कार्यालयका ५५ जना प्रहरीको आरडीटी गरिएकोमा सबैको नजिता नेगेटिभ आएको छ ।
ककनी गाउँपालिका-१ सिलडोल क्षेत्रमा कोरोना भाइरसको परीक्षण हुनु पर्ने माग गर्दै स्थानीयले जेठ ४ गते काठमाडौँ महानगरपालिकाबाट ल्याउने फोहोर रोकेका थिए ।
जेठ ५ गते कोरोना भाइरसको जेठ ६ गतेबाट नै परीक्षण गरिने सहमतिमा स्थानीयले फोहोर फाल्न गरेको अबरोध हटाएका थिए ।
जेठ ६ गते ककनी गाउँपालिका-१ र २ वडाका बासिन्दाको कोरोना परीक्षण गरिएको छ । ३ सय ३३ जनाको आरडीटी गरिएकोमा १४ जनाको पोजेटिभ देखाएको थियो ।
आरडीटीमा पोजेटिभ देखाएको १४ जना सहित १ सय ५२ जनाको पीसीआर परीक्षणको लागि नमूना सङ्कलन गरी काठमाडौँ पठाइएको ककनी गाउँपालिकाका स्वास्थ्य संयोजक जीवन भट्टराईले जानकारी दिनुभयो ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार जिल्लामा कोरोना भाइरस (कोभिड १९) को परीक्षणमा आरडीटी पोजेटिभ देखिएमा तत्काल पीसीआर परीक्षण गरिने भएको छ । जेठ ०६ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको हो ।
अहिले जिल्लाका सबै स्थानीय तहमा आरडीटी विधि मार्फत कोरोना भाइरसको परीक्षण भइरहेको छ ।
आरडीटीमा पोजेटिभ देखिएका सबैको पीसीआर विधि मार्फत धुलिखेल अस्पतालमा परीक्षण गर्ने निर्णय भएको स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख, डा. नरेन्द्र कुमार झाले जानकारी दिनुभयो ।
धुलिखेल अस्पतालमा जेठ ६ गते ६ जना आइसोलेशनमा उपचाइरर छन् । काभ्रेमा हाल २० जना क्वारेण्टाइनमा रहेका छन् । उनीहरू सबैको कोरोना भाइरस परीक्षण गर्ने काम भइरहेको डा. झाले बताउनुभयो ।
बेथानचोक गाउँपालिकामा दुध सङ्कलन गर्न र बेच्ने बेलुका मात्रै पाइने भएको छ । काभ्रेको बेथानचोक गाउँपालिकाले बेलुकाको समयमा मात्रै दुध सङ्कलन र विक्री गर्न उर्दी जारी गरेको छ ।
जेठ ६ गते बसेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकले दुध, दुग्धजन्य वस्तु सङ्कलन र विकी वितरण बेलुकाको सयममा गर्ने निर्णय गरेको हो । बैठकले दुधजन्य वस्तु, खाद्यन्न र निर्माण सामग्री ओसारपसार गर्ने सवारी साधनमा चालक र सहचालक बाहेक बढीमा एक जना व्यक्ति मात्रै बस्ने पाउने निर्णय गरेको छ ।
गाउँपालिकाको क्षेत्रभित्र विभिन्न नाका मार्फत अपरिचित व्यक्तिहरू लुकिछिपि प्रवेश गरिरहेको गुनासो बढेको भन्दै त्यसरी प्रवेश गर्ने नागरिकलाई स्थानीय तहको जिम्मा लगाइदिन बैठकले आग्रह गरेको छ ।
त्यस्तै व्यक्तिलाई दुई हप्तासम्म क्वारेण्टाइनमा अनिवार्य राख्ने निर्णय भएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

त्यस्तै विपद् व्यवस्थापन समितिले गाउँपालिकाभित्रका सबै बजारहरूमा तीन जनाभन्दा बढी भेला नहुन अनुरोध गरेको छ ।
लकडाउनको अवधि थपिएसँगै प्रशासन कार्यालय काभ्रेले लकडाउनको पूर्ण रुपमा पालना गर्न सबैलाई आग्रह गरेको छ ।
जेठ ६ गते एक सूचना जारी गर्दै अत्यावश्यक काम बाहेक हिडडुल नगर्न प्रशासनले भनेको छ । खाद्यान्न, तरकारी तथा फलफुल, दुध, औषधि, पेट्रोल, ग्यासलगायत अत्यावश्यक सामग्री ढुवानीका साधनहरू र एम्बुलेन्स चल्न पाउने छन् ।
विकास योजनामा प्रयोग हुने उपकरणहरू, निर्माण सामग्री, कृषि जन्य सामग्रीहरू, रासायनीक तथा प्राङ्गरिक मल ढुवानी, पाठ्य पुस्तक बोकेका र पास लिएका बाहेकका अन्य सवारी साधन भने चलाउन पाइने छैन ।
भुम्लु गाँउपालिका-१ ले आफ्ना वडाका किसानलाई फलफूलको विरुवा वितरण गर्ने भएको छ । बर्खामा लगाईने विभिन्न खालका फलफुलका बिरुवा ५० प्रतिशत अनुदानमा वितरण गर्न लागिएको वडा अध्यक्ष खिमबहादुर श्रेष्ठले जानकारी दिनुभयो ।
जेठ ६ गते सूचना जारी गर्दै वडाले आँप, कागती, सुन्ताला, लिची, कफी, अम्वा र जुनारका बिरुवा अनुदानमा दिन लागेको हो । ईच्छुक किसानले जेठ २५ गतेसम्म वडामा सम्पर्क गर्न सक्ने वडाध्यक्ष श्रेष्ठले बताउनुभयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार आरडीटी परीक्षणमा नतिजा पोजेटिभ आउन थालेपछि सिन्धुलीमाढीमा नागरिकको आवतजावत कम भएको छ ।
बिहान र साँझ सडकमा निस्कने नागरिकहरू घरभित्रै बस्न थालेको र बाहिर सवारी साधानको आवतजावत कम भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी उपेन्द्र न्यौपानेले बताउनु भएको छ ।
सिन्धुली अस्पताल र कमलामाई नगरपालिकामा रहेको क्वारेण्टाइनमा आरडीटी विधिबाट गरिएको एण्टीबडी जाँचमा जेठ ६ गते सात जनाको रिपोर्ट पोजेटिभ आएको छ ।
जिल्लाका फ्रन्टलाईनमा काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, क्वारेण्टाईनमा बसेका नागरिक तथा अन्य नागरिकलगायतमा परीक्षणमा गरिएको थियो । यो सँगै सिन्धुलीमा एण्टीबडी पोजेटिभ आउनेको सङ्ख्या २७ पुगेको छ ।
सिन्धुली अस्पताल जेठ ५ गते १ सय ५९ जनाको आरडीटी परीक्षण गर्दा २० जनाको एण्टीबडी पोजेटिभ आएको थियो । जेठ ६ गते जिल्लाको सिन्धुली अस्पताल, कमलामाईको क्वारेण्टाइनमा ५४ जनाको परीक्षण गर्दा ७ जना पोजेटिभ देखिएको हो ।
मरिण गाउँपालिकाको कपिलाकोटमा ३३ जनामा परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको स्वास्थ्य कार्यालय सिन्धुलीले जानकारी दिएको छ ।
मरिण र कमलामाई गरी जेठ ६ गते ८७ जनाको एण्टीबडी परीक्षण गरिएको स्वास्थ्य कार्यालय सिन्धुलीका प्रमुख जितेन्द्रकुमार शाहले बताउनु भयो ।
जिल्लामा जेठ ५ गते र ६ गते परीक्षण गरी एण्टीबडी पोजेटिभ आएका व्यक्तिहरू, क्वारेण्टाइनमा रहेका व्यक्तिहरू, केहि सुरक्षाकर्मीहरू गरी ५० जनाको थ्रोट स्वाब सङ्कलन गरी प्रादेशिक अस्पताल हेटौँडामा पीसीआर परीक्षणका लागि पठाइएको सिन्धुली अस्पतालका कोभिड १९ फोकल पर्सन डा. प्रसन्नजङ्ग राजभण्डारीले बताउनु भयो ।
उहाँका अनुसार जेठ ६ गते सिन्धुली अस्पतालमा गरिएको आरडीटी परीक्षणबाट सात जनाको एण्टीबडी पोजेटिभ देखिएको र उनीहरूको समेत स्वाब परीक्षणका लागि पठाइएको डा. राजभण्डारीले बताउनु भयो ।

क्वारेण्टाइनमा रहेका दुई र अस्पताल कर्मचारी पाँच गरी सात जनामा एण्टीबडीड पोजेटिभ देखिएको थियो । उनीहरूको नतिजा जेठ ७ गते आउने छ ।
मरिण गाउँपालिकाको कपिलाकोटमा जेठ ६ गते ३३ जनाको आरडीटी विधिबाट एण्टीबडी जाँच गरिएको छ । गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वय तथा स्वास्थ्य कार्यालय सिन्धुलीको सहयोगमा गरिएको परीक्षणमा सबैको नतिजा नेगेटिभ आएको गाउँपालिका अध्यक्ष पानीराज बम्जनले बताउनु भएको छ ।
उहाँका अनुसार मरिण बहुमुखी क्याम्पसमा क्वारेण्टाइनमा राखिएका २५ जना, धुलिखेल अस्पतालबाट सुत्केरी भई आएकी एक महिला र उनका परिवार चार जना, दुई जना एम्बुलेन्स चालक र एकजना इलाका प्रहरी कार्यालय कपिलाकोटका प्रहरी प्रमुख, मरिण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जनाको आरडीटी परीक्षण गरिएको बम्जनले बताउनु भयो ।
क्रियाशिल पत्रकार महिला सिन्धुलीले जिल्लाका महिला पत्रकारहरूको आरडीटी परीक्षणका लागि पहल गर्ने भएको छ ।
जेठ ६ गते बसेको अनलाईन बैठकले उक्त निर्णय गरेको जिल्ला अध्यक्ष कृञ्जला पुलामीले बताउनु भयो । यस्तै सिन्धुलीका महिला पत्रकारको कोरोना बिमा गर्ने र सञ्चार गृहमा क्वारेण्टाइनको व्यवस्था गर्न आग्रह गर्ने निर्णय गरेको छ ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौँडा**